**खिजीदेम्वा गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**खिजीफलाटे,ओखलढुंगा**

**१ नं. प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**खण्ड ४ संख्या ९ स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७७/१०/२०**

खिजीदेम्वा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खिजीफलाटे, ओखलढुंगा

खिजीदेम्वा गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७, प्रमाणित मितिः

## खिजीदेम्वा गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७

**प्रस्तावनाः** नेपालको संविधानको धारा ३५(१) तथा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३(४) मा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरीकको हकलाई कार्यान्वयन गर्न साथै यस खिजीदेम्वा गाउँपालिका भौगोलिक रुपमा दुर्गम भई विद्यमान स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न अपाएकी परी सेवाग्राहीको चापका कारण न्यूनतम स्वास्थ्य सेवा प्राप्त गर्न पनि असहज भई कठिनाई भोगि रहेका स्थानीय सेवा ग्राहीहरुलाई सहज रुपमा स्वास्थ्य सेवा उपलव्ध गराउन बाञ्छनिय भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(१) तथा खिजीदेम्वा गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाले "खिजीदेम्वा गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७" बनाई लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **"खिजीदेम्वा गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७"** रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाले निर्णय गरेको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषा र व्याख्या** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले खिजीदेम्वा गाउँपालिका सम्झनुपर्दछ।

(ख) "गाउँकार्यपालिका" भन्नाले खिजीदेम्वा गाउँकार्यपालिका सम्झनुपर्दछ।

(ग) "अध्यक्ष" भन्नाले यस गाउँ कार्यपालिकाको गाउँपालिका अध्यक्ष सम्झनुपर्दछ।

(घ) "उपाध्यक्ष" भन्नाले यस गाउँ कार्यपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनुपर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(च) "सामुदायिक स्वास्थ्य इकाई " भन्नाले यस कार्यविधि बमोजिम संचालन भएका सामुदायिक स्वास्थ्य इकाईहरुलाई सम्झनुपर्दछ।

(छ) "वडा समिति" भन्नाले गाउँकार्यपालिकाको वडा समिति सम्झनुपर्दछ।

(ज) "सभा" भन्नाले यस गाउँपालिकाको गाउँसभा सम्झनुपर्दछ।

(झ)"कर्मचारी" भन्नाले गाउँ कार्यपालिका/गाउँ सभाबाट करार, स्थायी दरबन्दी सिर्जना भई नियुक्त भएका स्वास्थ्यकर्मि तथा सहयोगि कर्मचारीलाई बुझाउने छ।

**३.सामुदायिक स्वास्थ्य इकाई संचालन सम्बन्धि व्यवस्था :**

क.संविधान तथा ऐनद्धारा प्रदत्त गरिएको आधारभुत स्वास्थ्य सेवा खिजीदेम्वा गाउँपालिकाको प्रत्येक वडाबाट प्रवाह गरिनुको साथै भौगोलिक रुपमा विकट तथा सेवा लिनबाट बञ्चित भएका टोलहरुबाट प्रवाह गरिने छ ।

ख. सामुदायिक स्वास्थ्य इकाई संचालन गर्नको लागि गाउँपालिकाले आवश्यक बजेटको व्यवस्था गर्ने छ ।

ग. सामुदायिक स्वास्थ्य इकाई गाउँ कार्यपालिका/गाउँ सभा ले तोकेको स्थानमा संचालन गरिने छ ।

**४. सामुदायिक स्वास्थ्य इकाई संचालन :**

क.सामुदायिक स्वास्थ्य इकाई संचालन/निर्माणका लागि गाउँ कार्यपालिका तथा सम्बन्धित वडाहरुले ब्यबस्था मिलाउनुपर्ने छ ।

ख. आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्दा कम्तिमा खोप, गर्भवति एवं शिशु जाँच परिवार नियोजन, नवजात शिशु सेवा, अन्य सामान्य सर्ने तथा नसर्ने रोगहरुको उपचार, परामर्श, औषधी वितरण, स्वास्थ्य प्रवर्द्धन लगाएतका सेवाको समुचित व्यवस्था मिलाई सेवा प्रवाह गर्नु पर्ने छ ।

ग. सामुदायिक स्वास्थ्य इकाईबाट सेवा प्रवाह गर्न आवश्यक न्युनतम जनशक्ति (हेल्थ असिस्टेन्ट वा अहेव १ जना, स्टाफ नर्स वा अनमी १ जना र कार्यालय सहयोगि १ जना गरी जम्मा ३ जना मौजुदा करार ऐन/नियमावली/निदेर्शिका तथा गाउँपालिकाको कार्यविधि अनुसार करारमा लिई काम लगाइने छ

घ. औजार उपकरण, औषधी, फर्निचर लगाएत मसलन्दकालागि आवश्यक पर्ने सामाग्री नियमानुसार उपलव्धताको आधारमा गाउँपालिकाबाट उपलव्ध गराईने छ ।

ङ.सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण सम्पन्न नभए सम्म सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम २ कोठा संम्बन्धित वडा/गाउँपालिकाले व्यवस्था गर्नु पर्ने छ ।

**५. सामुदायिक स्वास्थ्य इकाई संचालन सम्बन्धि व्यवस्थापन समितिको गठन : सामुदायिक स्वास्थ्य इकाई संचालनको लागि तपशिल बमोजिमको व्यवस्थापन समिति रहनेछ।**

क. संरक्षक: गाउँपालिका अध्यक्ष

ख. अध्यक्ष : सम्बन्धित वडाको वडा अध्यक्ष - १ जना

ग. सदस्य : सम्बन्धित वडाको महिला सदस्य - १ जना

घ. सदस्य : सम्बन्धित वडा/टोलको महिला स्वास्थ्य स्वयमसेविका - १ जना

ङ.सदस्य : नजिकैको विद्यालयको प्रधानाध्यापक/महिला शिक्षिका - १ जना

च. सदस्य : स्थानीय समाजसेवी/बुद्धिजिबी/व्यापारी - १ जना

छ. सदस्य : सम्बन्धित वडाको वडा सचिव - १ जना

ज. सदस्य सचिव : सामुदायिक स्वास्थ्य इकाईको प्रमुख - १ जना

**६. सामुदायिक स्वास्थ्य इकाई संचालन सम्बन्धि व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।**